# बारेकोट गाउँपालिका

## गाउँ सभाको १९ औं अधिवेशन मिति २०८१ असार १० गते प्रस्तुत

# आर्थिक वर्ष २०८१/०८२ को

# बजेट वक्तव्य

बारेकोट गाउँपालिका, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०८१

## आ.व. २०८१/०८२ को

## बजेट बक्तव्य

**सम्मानित गाउँसभाका अध्यक्ष महोदय,**
**सभाका सम्पूर्ण सदस्य ज्यूहरु।**

सर्वप्रथम राष्ट्रियता लोकतन्त्र, अग्रगामी परिवर्तका लागि नेपाली जनताले पटक-पटक गर्दै आएका ऐतिहासिक शसस्त्र संघर्ष तथा शान्तिपूर्ण जनआन्दोलन-१, जनयुद्ध, जनआन्दोलन-२, मधेश आन्दोलन लगायत राजनीतिक व्यवस्था परिवर्तनको लागि त्याग र आफ्नो जीवलाई बलिदान गर्नुहुने इतिहासका महान शहिदहरुप्रति हार्दिक श्रद्धा सुमन व्यक्त गर्दै वेपत्ता तथा घाईते अपांग योद्धाहरुको सु-स्वास्थ्यको कामना सहित  हार्दिक  सम्मान व्यक्त गर्नुका साथै मिति २०८० साल कार्तिक १७ गते राती रामीडाँडा केन्द्र विन्दु बनाएर गएको ६.४ म्याग्निच्युटको भुकम्पमा परि ज्यान गुमाउनु हुने मृतकहरु प्रति पनि हार्दिक श्रद्धा सुमन व्यक्त गर्दै भुकम्पमा घाइते हुनु भएका घाइतेहरुलाई सिघ्र स्वास्थ्य लाभको कामना व्यक्त गर्दछु ।

सङ्घीय शासन प्रणालीले शासकीय क्रियाकलापहरु केन्द्रमा मात्र सिमित नरही गहिरिएर स्थानीय जनजीवन सम्म र फैलिएर अन्तराष्ट्रिय स्तरसम्म पुग्ने अपेक्षा राखेको हुन्छ। सङ्घीतामा तीन वटा पक्षको संयोजन हुन्छ जसमाध्ये वित्तिय सङ्घीयतालाई महत्वपूर्ण आधार स्तम्भको रुपमा लिने गरिन्छ। सङ्घीयताको प्रभावकारी कार्यन्वयनको लागि तहगत सरकारहरु आर्थिकरुपले सक्षम हुनै पर्दछ। संविधानले तीनै तहका सरकारलाई वित्तिय व्यवस्थापनको स्वातन्त्रताको अधिकार समते प्रदान गरेको छ। बारेकोटको विकास र समृद्धिका लागि दिगो विकासका लक्ष्यहरुसम्म पुग्न यो बजेटले सहयोग गर्ने छ भन्ने अपेक्ष गरेको छु।

**सम्मानित सभा अध्यक्ष महोदय,**

नेपालको राजनीतिक ईतिहासमा भएका परिवर्तनबाट प्राप्त उपलब्धिहरुको रक्षा एवं संस्थागत विकास गर्दै राज्यको पुनःसंरचना पहिचान र अधिकार सहितको संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पछिको स्थानीय तहको दोश्रो आवधिक निर्वाचन २०७९ को निर्वाचन अभियान प्रक्रिया पुरा गरी बारेकोट गाउँपालिकाले स्थानीय सरकार संचालन गरेको समयावधि २ बर्ष पुरा गरिसकेका छौं । नेपालको संविधान २०७२ को धारा ५६ को उपधारा १ र २ मा उल्लेखित तीन तहका सरकारहरु संघ, प्रदेश र स्थानीय सरकारका काम, कर्तव्य र अधिकार पुरा गर्न हाम्रो काँधमा ऐतिहासिक कार्यभार पूरा गर्न बारेकोटी जनताले आवधिक निर्वाचनको माध्यमबाट अधिकार प्रत्यायोजन गरेको तथ्य हाम्रो सामु छ । नेपालको संविधान २०७२ को अनुसूची ९ मा उल्लेखित भएको साझा अधिकारहरुको सूची अनुसार (सहकार्य, सह-अस्तित्व र समन्वय) कायम राख्दै स्थानीय सरकार संचालन ऐन,२०७४ अनुसार आगामी आ.व. २०८१/०८२ बारेकोट गाउँ पालिकाको बजेट अधिबेशन तथा गाउँ सभाको १९ औं अधिबेशनमा बार्षिक नीति, योजना तथा कार्यक्रमको बजेट सार्वजनिक गर्न पाउँदा म निकै हर्षित एवं गौरवान्वित महशुस गरेको छु ।

**सभा अध्यक्ष महोदय,**

स्थानीय तहको दोश्रो आवधिक निर्वाचन पछिको १ वर्ष पुरा गरेको समयावधि स्मरण गर्दै पालिकाको सम्मानित अधिवेशनमा पेश गरेको नीति तथा कार्यक्रम, बजेटले केही आयामहरु स्थापित गरेको छ । सीमित श्रोत र साधन भएपनि विकासका पूर्वाधारहरु स्वास्थ्य, शिक्षा, कृषि, विकास निर्माणमा स्थानीय नागरिकहरुका लागि ज्यालामजदुरी एवं रोजगार, स्वरोजगारको शुरुवात भएको छ । सरकारी तथा गैरसरकारी संघ संस्थाका कार्यक्रमहरु केन्द्रिकृत गरी स्वास्थ्य, शिक्षा तथा कृषिका क्षेत्रहरुमा उप-सूचकहरु सकारात्मक देखिनुले उपलब्धि नै ठान्नुपर्छ । जनताको प्रत्यक्ष घर दैलोको अर्थात चुलोको सरकार हुनुको नाता सम्बन्धले सरकार संचालनमा केही तिता, मीठा अनुभव, अनुभूति, सिकाईहरु जनताबाट लिने र जनतालाई नै दिने प्रक्रिया निरन्तर रहेको छ । यस गितिशिल यात्राको तथ्यहरुबाट

बारेकोट पालिका सरकारको २ बर्ष कालखण्डमा बिभिन्न स्थानीय ऐन, कानून, नियमावली र कार्यविधि निर्माण गरी कार्यान्वयनमा रहेका छन् । बारेकोटलाई विकास र सम्वृद्धिको यात्रामा दिशावोध गराउन प्रेरित एवं उर्जा प्रदान गर्नुहुने गाउँ सभाका सम्पूर्ण सदस्यहरु, पूर्व जनप्रतिनिधिज्यूहरु, राजनीतिक दलका प्रमुख/ प्रतिनिधि, पालिकामा कार्यरत राष्ट्रसेवक कर्मचारी, शिक्षक, बुद्धिजीवि, संचारकर्मीहरु, किसान, मजदुर तथा सम्पूर्ण घरदेश र प्रदेशमा रहनु हुने बारेकोटी जनता (आमा, बुवा, दाजुभाई, दिदीवहिनी) हरुको भूमिकालाई स्मरण गर्दै हार्दिक आभार सहित धन्यवाद व्यक्त  गर्न चाहन्छु ।

**सभा अध्यक्ष महोदय एवं सभाका सदस्य ज्यूहरु,**

एकाईसौ शताव्दीको पूर्वाद्धमा विश्व जगतमा विज्ञान प्रविधिमा भएको भौतिक विकास, संगसंगै शक्तिशाली राष्ट्रहरुले विश्व अर्थतन्त्रमा एकमना बर्चश्व एवं व्यापार अर्थनीतिमा तिब्र प्रतिस्पर्धा भईरहेको छ । उद्योग, व्यवसाय, कलकारखाना एवं मानव जीवनको विरुद्धमा प्रयोग गरिने घातक आणविक हात हतियार निर्माणको प्रतिस्पर्धा पनि उत्तिकै मात्रामा दिनानुदिन बढिरहेको तथ्यहरु हाम्रो सामु छन् । यसले गर्दा विश्वको धनी मुलुकहरु धनी बन्दै गईरहेका छन् भने गरिव मुलुकहरु प्राकृतिक साधन स्रोतहरुले प्रर्याप्तता भएपनि झन गरिव हुँदै गईरहेका छन् । उदाहरणको लागि सिरिया, रुवाण्डा, श्रीलंका लगायत बहुँसंख्यक मुलुकहरु विश्व अर्थतन्त्रमा प्रभाव पार्ने पछिल्लो समयमा देखा परेको आणविक हतियारको निर्माणको पौठेजोरी, युद्ध तथा  मानव जगतमा देखा परेको कोभिड १९ लगाएत बिभिन्न माहाभारी, मिति २०८० साल कार्तिक १७ गतेको गएको विनाशकारी भुकम्प, जलवायु परिवर्तनले ल्याएको वातावरणीय प्रतिकूलन, रुस, युक्रेन युद्ध लगायतका घटनाहरुले नेपालको राष्ट्रिय अर्थतन्त्रमा नकारात्मक सूचक तथा उप-सूचकहरु हाम्रा सामु उभिएका  छन् । जसको नकरात्मक प्रभावबाट बारेकोट गाउँपालिका समेत अछुतो रहन सकेको छैन।

**सभा अध्यक्ष एवं सभा सदस्य ज्यूहरु,**

नेपालको राष्ट्रिय अर्थतन्त्र स्वभाविक रुपले सुस्त गतिमा छ । अर्थतन्त्र गतिशिल एवं चलायमान हुन सकेको छैन । आन्तरिक राजस्व, रेमिट्यान्स प्रक्षेपण, बैदेशिक व्यापार, स्वदेशी उत्पादनको क्षेत्रमा नीजि लगानी, सार्वजनिक तथा सहकारी क्षेत्रमा उत्साहजनक सूचक लगानी नभई कतिपय क्षेत्रहरुमा दलाल तथा बिचौलिया एवं माफियाहरुको प्रवेशको संकेत उप-सूचांक देखिदा निराशामा बदल्ने संकेत गर्दछ । यद्यपि राष्ट्रिय अर्थतन्त्रमा केहि सकारात्मक प्रभावका संकेत नभएका होईनन । आ.व. २०८०।०८१ को बार्षिक बजेट तथा योजना कार्यक्रममा ४९ करोड २३ लाख ४९ हजार ८ सय चौतिस मात्र सातौं गाउँसभाले स्वीकृत गरेको तथ्य हाम्रो अगाडी छ । जहाँ हामी कार्यान्वयको वर्षको अन्तिम महिना अषाढ तेश्रो साता पर्खिरहेका छौं । चालु आ.व. २०८०।०८१ को स्वीकृत बजेट कार्यक्रममा मुलुकको राष्ट्रिय अर्थन्त्रमा आएको गिरावटले वित्तीय समानीकरण अनुदान राजस्व वाँडफाँडमा करिव ४ करोड रकम हुने प्रक्षेपणको संकेत भएपछि भुक्तानी प्रकृयामा चुनौतिको रुपमा देखा परेको छ ।

**सभा अध्यक्ष एवं सभा सदस्य ज्यूहरु,**

हाम्रो ग्रामीण तथा राष्ट्रिय अर्थतन्त्रमा आउने परिवर्तन संगसंगै संघ, प्रदेशको वित्तीय समानीकरण, आन्तरिक राजस्व बाँडफाँड तथा परिचालन, सीमित श्रोत र साधनको सीमाभित्र रही हाम्रो पालिकाको बार्षिक बजेट कार्यक्रम निर्माण भएको ब्यहोरा पेश गर्न चाहन्छु । विगतको अनुभवले सावित गरिसकेको छ कि हाम्रो सामाजिक टुक्रे उत्पादन सम्बन्ध, उत्पादकत्व बीच योजना निर्माणको अन्तरबिरोधले घोषित लक्ष्य, उद्देश्यहरु हासिल हुन नसक्नुका कारणहरु थिए भन्ने कुरा हाम्रो बजेटको सोध, खोज र अनुसन्धानले देखाउदछ । सामाजिक टुक्रे उत्पादन सम्बन्ध, जीवन निर्वाहमुखी व्यावसाय, वितरणमुखी अर्थ प्रणाली तथा बजेटले जनताको जीवनस्तरमा अपेक्षाकृत परिवर्तन हुन सकेको छैन। बजेट कार्यक्रमको आधारभूत क्षेत्रहरु स्वास्थ्य, शिक्षा, कृषि, साना घरेलु उद्योग तथा उत्पादनशिल पर्यटन व्यावसाय सहितको श्रमसंगै रोजगारीको सम्भावनालाई पहिलो प्राथमिकता दिईएको छ । बजेट तथा कार्यक्रमको लक्ष्य भौतिक पूर्वाधार विकासलाई मात्र जोड नदिई सामाजिक

विकास संगै नागरिकको जीवनस्तरमा परिवर्तन गर्ने उद्देश्यका साथ श्रोत अनुमान तथा बजेट निर्धारण समितिको प्राप्त बजेट सीमाका आधारमा सम्मानित गाउँसभामा आगामी आ.व. २०८०।०८१ को बार्षिक बजेट तथा कार्यक्रम पेश गर्ने अनुमति चाहन्छु ।

**सभाका सभाध्यक्ष ज्यू र सम्पूर्ण सभाका सदस्य ज्यूहरु,**

अब म गाउँपालिकाको आर्थिक अवस्था र चालु वर्षको बजेट कार्यान्वयनको समीक्षा संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आ.व. ०८०।०८१ को वार्षिक कुल बजेट रु. ४९ करोड २३ लाख ४९ हजार ८ सय ४३ मध्ये चालुतर्फ रु. ३६ करोड ७० लाख ७८ हजार ९ सय ७ रुपैंया र पुँजीगत तर्फ रु. १२ करोड ७२ लाख ७० हजार ९ सयय ३६ रुपैंया विनियोजन भएकोमा हालसम्मको प्रगतिको अवस्था हेर्दा चालुतर्फ ६८.९६ प्रतिशत, पुँजीगत तर्फ ४८.१६ प्रतिशत र समग्रमा ६३.६७ प्रतिशत रहेको । साथै, विषयगत रुपमा हेर्दा आर्थिक विकास तर्फ ४२.३ प्रतिशत, सामाजिक विकास तर्फ ७६.९७ प्रतिशत, पूर्वाधार विकास तर्फ ४२.५ प्रतिशत र संस्थागत विकास तथा सुशासन तर्फ ३५.७५ प्रतिशत रहेको छ । हालसम्म आन्तरिक आय तर्फ राजस्व संकलन रु ९ लाख ४३ हजार ७ सय २७ रुपैयाँ रहेको छ।

जसमा हाल सम्मको प्रगतिः

- आर्थिक विकास समिति अन्तर्गत हालसम्म कृषि ६०.१३, उद्योग ४८.३४, जलस्रोत तथा सिंचाई ५.४५, र पशुपंक्षि विकास ५७.७३ प्रतिशत वित्तीय प्रगति भएको छ।
- सामाजिक विकास समिति अन्तर्गत हालसम्म शिक्षा यूवा तथा खेलकुद शाखा ८५.६२%, आधारभुत स्वास्थ्य तथा सरसफाई शाखा ६९.४८%, खानेपानी तथा सरसफाई २१.९३%,भाषा तथा संस्कृति ७४.६७%, लैंगिक समानता तथा समाजिक समावेशीकरण ५२.०४%, युवा तथा खेलकुद ७०.१३%, सामाजिक सुरक्ष संरक्षण १८.८% वित्तिय प्रगति भएको छ।

- पूर्वाधार विकास समिति अन्तर्तग यातायत पूर्वाधार ५३.९१%, भवन आवास तथा सहरी विकास ९.११% उर्जा ४.०८% संचार तथा सूचना प्रविधि ४५.८१% र सम्पदा पूर्वाधार ९५.९९% वित्तिय प्रगति भएको छ।
- सुशासन तथा अन्तर सम्बन्ध अन्तर्गत वातावरण तथा जलवायू ३२.६३%, विपद व्यवस्थापन २२.९७%, मानब संशाधन विकास ५८.३५%,कानुन तथा न्याय ४०.७९%, शासन प्रणाली ५०.५५%, तथ्याँक प्रणाली ८६.०८%, गरिवी निवारण २७.२२%, प्रशासकीय सुशासन १५.१८% वित्तिय प्रगति भएको छ।
- आज सम्म कार्यालय सञ्चालन तथा प्रशासनिक तर्फ ६०.२६% वित्तिय प्रगति भउको छ।
- मिति २०८० कार्तिक १७ गते गएको भूकम्पबाट क्षति भएका घरपरिवारलाई अस्थायी आवासको रुपमा नेपाल सरकारबाट ५११२ लाई रु २५,००० का दरले जम्मा रु १२ करोड ७८ लाख पहिलो किस्ता रकम निकासा गरिसकिएको छ। अन्य संघ संस्थाहरुबाट २६० वटा अस्थायी आवास निर्माण भएका छन।

**सभाध्यक्ष महोदय,**

अब म गाउँपालिकाको बजेट प्रणालीमा देखिएका अवसर र चुनौती संक्षेपमा प्रस्तुत गर्न चाहन्छुः

**अवसरः**

- स्थानीय सरकारहरु संविधानतः स्थापना भई २२ वटा एकल अधिकार र १५ वटा साझा अधिकार किटान भएकोमा सोही आधारमा हालसम्म २१ वटा ऐन, १ वटा नियमावली, ३४ वटा कार्यविधी, १४ वटा निर्देशिका र ३ वटा नीति निर्माण गरी प्रभावकारी शासन सञ्चालनको आधार तयार हुनु ।

- गाउँपालिकाको आ.व. २०८०।०८१ देखी २०८४।०८५ सम्मको लागि तर्जुमा गरिएको प्रथम पञ्चवर्षीय आवधिक योजनाले स्पष्ट लक्ष्य निर्धारण भई विकासको मार्गचित्र तयार हुनु ।
- गाउँपालिका भौगोलिक विविधतामा धनी रहेकोले विभिन्न प्रकारका कृषि।पशु उत्पादनको व्यवसायीकरण, उद्योगको लागि कच्चा पदार्थको उपलब्धता, पर्यटनको प्रबल सम्भावना रहनुले तिव्र आर्थिक विकासको मार्गप्रशस्त हुनु ।
- गाउँपालिकाको भवन तथा सभा हल, वडा कार्यालय भवन तथा शाखा कार्यालयहरुको सुदृढीकरण हुँदै गएकोले सार्वजनिक सेवा प्रवाहलाई छितो, छरितो र जनमैत्री बनाउने अवसर प्राप्त हुनु ।
- सूचना प्रविधिको तिव्र विकास तथा सञ्जालीकरणले विद्युतीय शासन संस्थागत गर्ने अवसर प्राप्त हुनु ।
- अलग मानव घर अलग पशु घर निर्माणका लागि नीति तयार गरी प्रदेश सरकारबाट नियमितरुपमा बजेट प्राप्त हुनु।
- सडक तर्फ २३५० मिटर नयाँ सडक, २५०० मिटर स्तरोन्नत्ती, १५० मिटर आर.सि.सि. ढलान, ७० मिटर सडक मेसिनरी वाल, १५७० वटा ग्याविन जाली, ४० वटा फलामे पोल र विभिन्न विद्यालयहरुमा फर्निचर ९१ सेट निर्माण हुनु।
- वडा नं. १, २, ५ र ७ मा एक घर-एक धारा खानेपानी कार्यक्रम अन्तर्गत ४६५ वटा घरधुरीमा खानेपानी धाराहरु निर्माण हुनु।
- गरीबी निवारणको लागि उद्यम विकास कार्यक्रम मार्फत ४४ जना लघु उद्यमीहरुलाई सीप विकास तालिम प्रदान गरी आवश्यकता अनुसार प्रविधि हस्तान्तरण गरीएको छ।

- शारीरिक रुपमा अशक्त भएका ३५३ जनालाई प्रत्येक वडा कार्यालयमा घुम्ति शिविर मार्फत अपाङ्गता परिचय पत्र वितरण गरिएको छ।
- गाउँपालिकामा सकारात्मक सोच र भावना भएका नागरिकहरुको वसोबास रहदै आएको छ ।

**चुनौती:**

- विश्वव्यापी आर्थिक मन्दी तथा राष्ट्रिय आर्थिक संकटको कारण संघ तथा प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण रकम कटौती भई प्राप्त भएको, गाउँपालिकाको न्यून आन्तरिक आय र सीमित स्रोत तथा साधनको समुचित परिचालन मार्फत सार्वजनिक खर्चलाइ उपलब्धिमूलक र नतिजामूलक बनाउनु,
- प्रतिस्पर्धी क्षमता तथा तुलनात्मक लाभ उच्च भएका क्षेत्रमा युवालाइ आकर्षित गरी उद्यमशीलता मार्फत गाउँपालिकाको आर्थिक तथा सामाजिक रुपान्तरण गर्नु,
- बारेकोटको विकासको निमित्त संघ, प्रदेश, निजी क्षेत्र, सहकारी, नागरिक समाज लगायत सम्बद्ध सबैको सार्थक सहभागिता जुटाउनु,
- मिति २०८० साल कार्तिक १७ गते गएको भुकम्पबाट क्षेत्री भएका घर तथा सार्वजनिक सरकारी कार्यालयहरुलाई पुन:निर्माण गर्न श्रोत जुटाउनु
- गाउँपालिकामा पर्याप्त जनशक्तिको व्यवस्था गरी सार्वजनिक प्रशासनलाइ व्यवसायिक,दक्ष र नतिजामूलक बनाइ सरकारको उद्देश्य प्राप्तिमा प्रभावकारी रुपमा परिचालन गर्नु,
- कठिन भौगोलिक अवस्थितिको कारण हुन सक्ने विपदजन्य गतिविधि व्यवस्थापन गरी विकास निर्माणका कार्यको दिगोपना सुनिश्चित गर्नु,
- पर्याप्त अवसरहरुको कमी र भौगोलिक विकटताको कारण भईरहेको बसाईसराईलाई रोकी रोजगारी सिर्जना र गरिबी निवारण गर्नु,
- गाउँपालिकाको प्रशासकीय भवनलाई यथासक्य निर्माण गर्नु।

**सभाध्यक्ष महोदय,**

अब म गाउँपालिकाको आ.व. २०८१।०८२ को बजेटका उद्देश्य तथा प्राथमिकता पेश गर्दछु।

**उद्देश्यः**

- कृषि,पर्यटन,उद्योग लगायतका क्षेत्रहरुको विकास र प्रवर्द्धन मार्फत दिगो आर्थिक वृद्धि हासिल गर्ने,
- उपलब्ध प्राकृतिक स्रोत साधन,श्रम शक्ति,पुँजी र प्रविधिको एकीकृत परिचालनबाट रोजगारी सिर्जना र गरिबी निवारण गर्ने,
- समुन्नत र मर्यादित जीवनका लागि शिक्षा,स्वास्थ्य,खानेपानी लगायतका सामाजिक पूर्वाधारहरुको समुचित विकास गर्ने,
- बजेट प्रणालीमा सुधार गरी सार्वजनिक खर्चको प्रभावकारिता अभिवृद्धि गर्ने,
- सहज तथा गुणस्तरीय सेवा प्रवाह र जवाफदेही सार्वजनिक सेवा मार्फत गाउँपालिकालाई सुशासनको प्रत्याभूति गराउने ।
- संघ प्रदेश एंव दातृ निकायहरुको बीचमा समन्वय सहकार्य सह अस्तित्व कायम गर्नु।
- बारेकोटमा उपलब्ध साधन श्रोतको महत्तम उपयोग गर्नु।
- सुन्दर नगरी बारेकोटको प्राकृतिक सौन्दर्यताको प्रर्वद्धन गर्दै पर्यटकीय क्षेत्रको घोषण गर्नु।

**प्राथमिकताः**

- कृषि र पर्यटन क्षेत्रको रुपान्तरण
- सरकारी,निजी र सहकारी क्षेत्रको सहकार्यमा उत्पादन र उत्पादकत्व वृद्धि,
- रोजगारी सिर्जना र गरिबी निवारण
- भुकम्पबाट क्षती भएका घरहरुको पुनः निर्माण
- गुणस्तरीय भौतिक पूर्वाधार निर्माण
- शिक्षा र स्वास्थ्य क्षेत्रको गुणस्तरीयता

- सुशासन,सार्वजनिक सेवा प्रवाह र मानव संसाधन विकास
- वातावरण संरक्षण,जलवायु परिवर्तन र विपद व्यवस्थापन
- प्रविधिको उच्चतम उपयोग
- नागरिक सचेतना र शसक्तिकरण अभिबृद्धि गर्नु

**सभाका सभाध्यक्ष ज्यू र सम्पूर्ण सभाका सदस्य ज्यूहरु,**

बजेटले लिएका उद्देश्य हासिल गर्न देहायबमोजिम सुधार प्रस्ताव गरेको छुः

- आगामी आ.व.२०८१/०८२ को बजेट कार्यान्वयनका लागि बार्षिक कार्ययोजनामा जनप्रतिनिधि र कर्मचारीको कार्य जिम्मेवारी सहित श्रावण तेस्रो साता भित्र तर्जुमा गरी कार्यान्वयन गरिनेछ । कार्ययोजना कार्यान्वयनको अवस्थाको विषयमा गाउँपालिका स्तरीय अनुगमन समिति,पूर्वाधार विकास समिति र सुशासन समितिद्धारा नियमित अनुगमन गरिनेछ।
- नयाँ सडक निर्माण गर्दा तथा पुराना सडकको स्तरोन्नती गर्दा अनिवार्य रुपमा नाली निर्माण गर्ने साथै Bio-Engineering (बायो इन्जिनियरिङ) कार्यक्रम मार्फत सडकको दाँया बाँया विभिन्न प्रकारका भुक्षय नियन्त्रण गर्ने विरुवाहरु लगाइनेछ।
- संघ र प्रदेश सरकारबाट विनियोजन भएका योजनाहरुको प्रभावकारी कार्यान्वयन गराउन अन्तर सरकार समन्वय मन्च र छिमेकी पालिकाहरुबीच सुमधुर सम्बन्ध बनाई दिगो विकास गर्न अन्तर पालिका संवाद मन्चको स्थापना गरिनेछ।
- आ.व. २०८१/८२ मा टोल विकास संस्था गठन गरी टोल विकास संस्थाहरुलाई अधिकतम परिचालन गरी विकास निर्माणका कार्यहरुमा प्रभावकारिता ल्याउन प्रयत्न गरिनेछ।
- अलग मानव घर अलग पशु घर निर्मणका लागि बारेकोट सरकारले लएको नीतिलाई कार्यन्वयन गर्न कार्यविधि अनुसार नै निर्माण गरिनेछ।
- पुनः निर्माणको क्रममा भवन निर्माण कार्यविधि २०८१ अनुसार कार्यन्वयनमा ल्याई गाउँपालिका भित्रका सम्पुर्ण भवनहरु निर्माण गरिनेछ।

- सडक,विद्यालय,स्वास्थ्य संस्था लगायतका आवश्यक पूर्वाधारको विकास गर्दा नक्साङ्कन गरी सोको आधारमा बहुसंख्यक जनता लाभान्वित हुने गरी छनौट र कार्यान्वयन गरिनेछ।
- सार्वजनिक जवाफदेहीता तथा सूचनाको हक प्रत्याभूतिको लागि गाउँपालिका भित्रका सम्पूर्ण सार्वजनिक निकायमा सूचना अधिकारीको काम कर्तव्य र अधिकारलाइ व्यवस्थित गरिनेछ।
- सार्वजनिक सेवालाइ पारदर्शी,मितव्ययी,जवाफदेही, प्रविधिमैत्री र गुणस्तरीय बनाई भ्रष्टाचारको सवालमा शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ।

**सभा अध्यक्ष महोदय,**

अबम आगामी आ.व. २०८१।०८२ को लागि घोषित नीति तथा कार्यक्रमका आधारमा प्रस्तावित बजेट, योजना तथा कार्यक्रमलाई कार्यान्वयन गर्नका लागि श्रोत अनुमान तथा बजेट निर्धारण समितिको निर्देशन अनुसार अनुमानित आयतर्फका श्रोतहरुका शिर्षकहरुलाई सम्मानित गाउँ सभाको १९ औं अधिवेशन समक्ष पेश गर्न अनुमित चाहन्छु । प्राप्त बजेटका श्रोतहरु तल उल्लेख गरेको छु।

अनुमानित आयतर्फ

| क्र.स. | शिर्षक | रकम रु |
|---|---|---|
| १ | पालिकाको आन्तरिक राजस्वतर्फ | २३ लाख अनुमानित प्रक्षेपण गरेको छु |
| २ | वित्तीय समानीकरण संघ | ८ करोड २० लाख प्रक्षेपण गरेको छु |
| ३ | राजस्व बाँडफाँड संघ | १० करोड ९१ लाख १ प्रक्षेपण गरेको छु |
| ४ | समपूरक अनुदान संघ | १ करोड ५० लाख प्रक्षेपण गरेको छु। |
| ६ | शर्सत अनुदान संघ | २० करोड २५ लाख ४ हजार प्रक्षेपण गरेको छु |
| ७ | राजस्व बाँडफाँड प्रदेश | ११ लाख ४५ हजार ८३७ प्रक्षेपण गरेको छु |

| | | |
|---|---|---|
| ८ | प्रदेश सरकार वित्तीय समानीकरण अनुदान | ८३ लाख २२ हजार पक्षेपण गरेको छु। |

आर्थिक बर्ष २०८१।०८२ को जम्मा अनुमानित रकम रु ४१ करोड ८५ लाख ७१ हजार ८३८ विनियोजन गरेको छु। जसमा विकास साझेदार संस्था एंव संङ्घीय र प्रादेशिक विकासका कार्यक्रम समाबेश गरेका छैनन।

**सम्मानित सभाका सभाध्यक्ष ज्यू र सम्पूर्ण सभाका सदस्य ज्यूहरु,**

अब म नेपालको संविधानको धारा २३० तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेको अधिकार बमोजिम आगामी आ.व. २०८१/८२ को बजेट पेश गर्दछु । जसमा कुल बजेट ४१ करोड ८५ लाख ७१ हजार ८३८ रहेको छ । यस मध्ये, चालु तर्फ रु. २८ करोड २५ लाख ४ हजार अर्थात (६७.५%) र पुँजीगत तर्फ रु १३ करोड ६० लाख ७ हजार ८३ अर्थात (३२.५%) विनियोजन गरेको छु ।

**सभाका सभाध्यक्ष महोदय**

अब म आगामी आर्थिक २०८१/०८२ वर्षको गाउँपालिका तथा वडा तहमा गाउँपालिकाबाट विनीयोजित बजेटका विषय क्षेत्रगतरुमा कार्यक्रम र विनीयोजन प्रस्तुत गर्छु । जस मध्ये विषय क्षेत्रगत रुपमा समग्र बजेट विनीयोजनको अवस्था प्रस्तुत गर्छु

| विषयक्षेत्र | बजेट | प्रतिशत |
|---|---|---|
| आर्थिक विकास | १ करोड ४१ लाख ७९ हजार ८३८ | ११.७१% |
| सामाजिक सामाजिक विकास | ६ करोड ७० लाख ३४ हजार ९३२ | ५५.३६% |
| पूर्वाधार विकास | २ करोड ८५ लाख ६३ हजार ६८ | २३.५९% |

| | | |
|---|---|---|
| वन, वातावरण तथा विपद व्यवस्थापन | ३२ लाख ९० हजार | २.७१% |
| सुशासन तथा संस्थागत विकास | ८० लाख | ६.६०% |
| **बिषय क्षेत्रगतरुपमा जम्मा पुँजीगत खर्च रु** | **१२ करोड १० लाख ६७ हजार ८३८** | **१००.०० %** |

**सभाका सभाध्यक्ष ज्यू र सम्पूर्ण सभाका सदस्य ज्यूहरु,**

अब म आगामी आ.व. का आर्थिक विकास तर्फका बजेट तथा कार्यक्रम पेश गर्दछुः

**कृषि तथा पशु विकासः**

१. खाद्यन्न बालीको उन्नत विउँ वितरण ७५% अनुदान,हाइटेक नर्सरी कार्यक्रम, खाद्य तथा पोषण सुरक्षा प्रर्वद्धन कार्यक्रम, फलफुल व्यवस्थापन कार्यक्रम रैथाने बाली प्रवर्द्धन, प्रत्येक वडामा जैविक तरकारी फर्म स्थापना, विभिन्न मसलाबाली र मौरीपालन प्रवर्द्धन जस्ता कार्यक्रमको लागि रु ३३ लाख ८२ हजार विनियोजन गरेको छु ।

२. आधारभूत तथा आकस्मिक सेवाको लागि पशु औषधी वितरणको लागि रु १२ लाख विनियोजन गरेको छु।

३. बिभिन्न वडाहरु आकस्मिक रुपमा महामारी फैलिएको रोग नियन्त्रण गर्नको लागि पशु स्वास्थ्य शिविर कार्यक्रम संचालन गर्न रु २ लाख विनियोजन गरेको छु।

४. एक वडा एक प्राविधिकलाई निरन्तरता दिदै पशु सेवा केन्द्रको लागि एकमुष्ट रकम रु ५२ लाख २० हजार विनियोजन गरेको छु।

**भुमि व्यवस्था सहकारी तथा वित्तिय सेवा**

५. तीन खम्बे अर्थनीति अन्तर्गत सहकारी संस्थाहरुको क्षमता विकास गर्का लागि बारेकोट गाउँपालिकामा दर्ता भएका सहकारी संस्थाहरुलाई तालिम संचालन तथा संस्थागत विकास गर्नका लागि रु १० लाख रकम विनियोजन गरेको छु।

**उद्योगयपर्यटन तथा व्यवसा**

६. बारेकोट गाउँपालिका भित्र रहेका प्रर्यटकीय क्षेत्रहरुको पहिचान गरी होमस्टे संचालन, भिडियो डकुमेन्ट्री निर्माण र प्रचारप्रसार गर्नको लागि रु. २२ लाख विनीयोजन गरेको छ ।

७. युवाहरुलाई उद्योग स्थापनाको लागि उत्प्रेरणा कार्यक्रम सञ्चालन गरी उत्कृष्ट उद्योगीलाई सम्मान गर्नको लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।

**उद्यम विकास:**

८. **गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ अनुसार नयाँ उद्यमीहररुलाई श्रृजना गर्नका लागि रु ८ लाख ७७ हजार ८३० रुपैयाँ** विनीयोजन गरेको छ ।

९. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका बमोजिम स्तरोन्नति तालिम संचालनको गर्न आवश्यकता पहिचानका आधारमा पुर्नताजगी र एड्भान्स सिप विकास तालिम संचालनका लागि रु ६ लाख वनियोजन गरेको छ

१०. सिप सिकेर व्यवसायिकरुपमा व्यवसाय गर्न व्यक्तिहरुका लागि व्यवासायिक तालिमको लागि रु ४ लाख विनियोजन गरेको छ।

**सभाका सभाध्यक्ष ज्यू र सम्पूर्ण सभाका सदस्य ज्यूहरु,**

अब म आगामी आ.व. का सामाजिक विकास तर्फका बजेट तथा कार्यक्रम पेश गर्दछु:

**स्वास्थ्य:**

११. स्वास्थ्य तथा सरसफाई शाखा अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा कार्यरत जनशक्तिहरुलाई निन्तरता दिदै स्वास्थ्य क्षेत्रमा एकमुष्ट रु २ करोड ४ लाख २४ हजार ९३२ रुपैयाँ वियियोजन गरेको छ।जसमा तपसिल बमोजिमका क्रियाकलापहरु संलग्न छन।

१२. जटिल प्रसुति प्रेषणका लागि एम्बुलेन्स, शव बाहन व्यवस्थापनका लागि रु १ लाख विनियोजन गरिएको छ ।

१३. भौगोलिक विकतालाई मध्यनजर गपरी संस्थात सुत्केरीलाई एकतर्फी निशुल्क एम्बुलेन्स सेवा कार्यक्रमको लागि रु ५ लाख विनियोजन गरेको छु ।

१४. संस्थागत सुत्केरीसँग उपाध्यक्ष कार्यक्रमको लागि रु ५ लाख विनियोजन गरेको छु।

१५. बारेकोटी जनतालाई सर्वसुलभ स्वास्थ्य सेवाको लागि औषधी तथा उपकरण सामाग्री खरिदको गर्न रु ३५ लाख रकम विनियोजन गरेको छु।

१६. महिला स्वास्थ्य स्वंयम सेविकाहरुको उच्च मनोबलसँग कायम गर्न प्रोत्साहन स्वरुप प्रति स्वंयमसेविका बार्षिक रु १८ हजार विनियोजन गरेको छु।

१७. विशेषज्ञ स्वास्थ्य सेवा पाउने जनताको अधिकारलाई सुनिश्चित गर्नको निम्ति मेडिकल अधिकृत सहितको स्वास्थ्य सेवाको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

१८. मातृ तथा नवशिशु मृत्यू लाई शून्यमा राख्न सुत्केरी ओसारपोसारको निम्ति निशुल्क प्रसुती सेवा एम्बुलेन्स सेवा प्रदानको लागि रु ६ लाख विनियोजन गरेको छु ।

१९. आधारभुत तथा आकस्मिक सेवाको लागि निशुल्क औषधी तथा सर्जिकल सामाग्री वितरणको लागि रु ११ लाख विनियोजन गरेको छु ।

२०. नागरिक आरोग्य केन्द्र मार्फत् आयुर्वेद क्लिनिक कार्यक्रमको लागि रु. २ लाख विनियोजन गरेको छु ।

२१. विपन्न नागरिकको उपचारमा थप सहुलियतको निम्ति केन्द्रिय र प्रादेशिक अस्पतालहरुको सहकार्यमा उपचारमा थप सहुलियतको लागि निशुल्क स्वास्थ्य शिविर कार्यक्रम संचालनको लागि आवश्यक व्यवस्था गरेको छु।

२२. दिर्घ रोगी तथा जटिल प्रकृतिका रोगहरुको उपचारका लागि प्रदान गर्दै आएको आर्थिक सहायतालाई कायम राख्न आवश्यक रकम विनियोजन गरेको छु ।

२३. विपन्न गरिब पिछाडिएका वर्ग लक्षित स्वास्थ्य बिमा तथा बिमा सम्बन्धी सचेतनामुलक कार्यक्रमको लागि रु २ लाख ५० हजार विनियोजन गरेको छु ।

सम्मानित सभाका अध्यक्ष महोदय

म अव शिक्षाक्षेत्रको बजेट प्रस्तुत गर्न चाहान्छु

सामाजिक विकास समिति अन्तर्गतको शिक्षा यूवा खेलकुद शाखाको लागि जम्मा रकम रु **४ करोड १६ लाख ५० हजार रकम विनियोजन गरेको छु। जस अन्तरका केही महत्वपूर्ण शिर्षकहरु तल रहेका छन।**

२४. गाउँपालिकामा मेडिकल अधिकृतको अभावमा स्वास्थ्य सेवा प्रवाहमा सिर्जित विभिन्न समस्यालाई मध्यनजर गरी गाँउपालिका भित्र स्थायी बसोवास भएका चिकिन्सा शास्त्र न्याय,इन्जिनियरिङ्ग अन्य स्नातक वा माथी अध्ययन गर्ने गरिब तथा जेहेन्दार विद्यार्थीको पहिचान गरी छात्रवृत्ति उपलब्ध गराउनको लागि रु. ५ लाख विनियोजन गरेको छु।

२५. शिक्षा योजना निर्माणको लागि लागि रु. ५ लाख रकम विनीयोजन गरेको छु ।

२६. चालु आर्थिक बर्षमा स्थानीय पठ्यक्रम निर्माण भएको भइसकेकोले स्थानीय पाठ्यक्रम लेखन तथा छपाईको लागि रु १२ लाख विनियोजन गरेको छु।

२७. शिक्षकहरुको क्षमता विकास गराउनको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

२८. गाउँपालिका स्तरीय बारेकोट रनिङ्ग शिल्ड कार्यक्रम सञ्चालनको लागि रु. १२ लाख रकम विनियोजन गरेको छु।

२९. बारेकोट गाउँपालिकामा स्नातक तहको पठन पाठनको लागि क्याम्पस स्थापनाको गर्न रु ५ लाख **रकम** विनियोजन गरेको छु।

३०. सङ्घीय सरकारबाट वितरण हुने शिक्षक दरबन्दी कोटा अभावका कारण पढाइको गुणस्तर खस्किदै गइरहेकाले गाउँपालिकाबाट शिक्षक दरबन्दी उपलब्ध गराइदै आएकोले आगामी आर्थिक बर्षमा पनि निरतरता दिनको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

**खानेपानीः**

३१. एक घर-एक धारा खानेपानी आयोजना अन्तर्गत क्रमागत रुपमा सबै वडामा खानेपानी विस्तार गर्नको लागि आवश्यक समपुरकको लागि १७ लाख रकम विनियोजन गरेको छु।

**सामाजिक समावेशीकरणः**

सामाजिक विकास समिति अन्तर्गको लैङ्गिक सामाजिक समाबेशिकरणको एक मुष्ट लागि रु २७ लाख ६ हजार विनियोजन गरेको छु।

**जसमाः-**

३२. तिज विशेष कार्यक्रम, नारी दिवस कार्यक्रम र बाल दिवस जस्ता कार्यक्रम संचालनको लागि आवश्यक बजेटको व्यवस्था गरेको

३३. बालविवाह न्यूनीकरण लैंङ्गिक हिंसा सम्बन्धी किशोरीहरुका लागि संचेतना कार्यक्रम दलित सचेतिकरण तथा सशक्तिकरण कार्यक्रम कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

३४. जीवन संगिनी गुमाएका व्यक्तिहरुलाई विदुर भत्ता वापतको लागि रु. ३ लाख विनीयोजन गरेको छु ।

३५. जेष्ठ नागरिक सामाजिक सुरक्षा अन्तर्गत (६०-६७) उमेर समुहका लागि रु १५ लाख ४० हजार रकम विनियोजन गरेको छु।

३६. बालमैत्री स्थानीय शासनको अवधारणालाई आत्मसात् गरी समुदाय तथा विद्यालय तहमा रहेका बाल क्लबको सशक्तिकरण गरी स्थानीय बाल सञ्जाल गठन लगायतका बालबालिका लक्षित कार्यक्रम सञ्चालन गर्नको आवश्यक बजेटको व्यवस्था गरेको छु।

**सभाका सभाध्यक्ष एंव सम्पूर्ण सभाका सदस्य महोदय,**

अब म आगामी आ.व. का पूर्वाधार विकास तर्फका बजेट तथा कार्यक्रम पेश गर्दछुः

**<u>पूर्वाधार विकासः</u>**

३७. **पूर्वाधार विकास कार्यक्रम तर्फ तपसिल बमोजिमका योजनाहरुमा रकम वनियोजन गरेको छु।**

| **क्र. सं.** | **मुख्य कार्यक्रम तथा क्रियाकलापहरु** | **बार्षिक बजेट** |
|---|---|---|
| | | **रु** |

| | | |
|---|---|---|
| १ | दोबिल्ला खोला बेलिब्रिज बारेकोट वडा नं १ र २ जोड्ने | रु ८५ लाख **विनियोजन गरेको छ।** |
| २ | ५ नं वडा कार्यालय भवन निर्माण वडा नं ५ | रु १५ पन्ध्र लाख |
| ३ | समपुरक | रु १ करोड २० लाख१३ हजार ६९ |
| ४ | प्रधानमन्त्री रोजागर कार्यक्रम समपुरक | रु १३ लाख |
| ५ | सिल्पाचौरर बयाला सडक निर्माण वडा नं १ | रु ३ लाख |
| ६ | लिम्सा सेरी सडक निर्माण वडा नं २ | रु २० लाख |
| ७ | बालुवा गोठगाउँ सडक वडा नं ४ | रु ४ लाख |
| ८ | छिपछिपे पानी जुम्क सडक वडा नं ४ | रु २ लाख ५० हजार |
| ९ | लेखी फुर्चा काठेपुल निर्माण वडा नं ४ | रु ५० हजार |
| १० | ४ नं वडा कार्यालय मर्मत वडा नं ४ | रु १ लाख ५० हजार |
| ११ | एकिकृत बस्तीबाट गोठगाउँ जोड्ने सडक निर्माण वडा नं ४ | रु ५ लाख |
| १२ | स्वास्थ्य चौकी सक्ला मर्मत वडा नं ८ | रु १ लाख |
| १३ | करुका ट्रान्स मिटर मर्मत वडा नं ५ | रु १ लाख |
| १४ | गोलखारा जुगेना कुरीखोला मोटरबाटो वडा नं ८ | रु ७ लाख |
| १५ | जुगेना सामुदायिक बालविकास केन्द्र घेरावार निर्माण वडा नं ८ | रु १ लाख |
| १६ | तल्लो कासी देखि माथी कासी सम्म सडक वडा नं ९ | रु ६ लाख |
| | | रु २ करोड ८५ लाख ६३ हजार ६९ |

३८. गाउँपालिका भित्र विभिन्न झोलुङ्गे पुल तथा ट्रस पुल निर्माणको कार्यको लागि आवश्यक बजेटको विनीयोजन गरेको छ ।

३९. निर्माण भएका सडक तथा भौतिक संरचनाहरुको मर्मत सम्भार कार्यको लागि मर्मत संभार कोषमा आवश्यक रकम विनीयोजन गरेको छु ।

**सभाका सभाध्यक्ष एंव सम्पूर्ण सभाका सदस्य महोदय,**

अब म आगामी आ.व. का वन, वातावरण तथा विपद व्यवस्थापन तर्फका बजेट तथा कार्यक्रम पेश गर्दछुः

| क्र.सं. | मुख्य कार्यक्रम तथा क्रियाकलापहरु | बार्षिक बजेट<br>इकाई लागत |
|---|---|---|
| १ | पालिकाको सबै वडाका प्रमुख बजार वस्तीमा फोहर मैला व्यवस्थापन गर्ने | रु १ लाख ५० हजार |
| २ | वातावरण तथा पानीका मुहानहरु संरक्षण | रु १ लाख ४० हजार |
| ३ | विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना संशोधन | रु ५ लाख |
| ४ | आपतकालिन कार्य सञ्चालन केन्द्र स्थापना | रु ५ लाख |
| ५ | विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन कोष | रु २० लाख |
| ६ | **सबै जम्मा** | **रु ३२ लाख ९० हजार** |

**सभाका सभाध्यक्ष एंव सम्पूर्ण सभाका सदस्य महोदय,**
अब म आगामी आ.व. २०८१/०८२ का सार्वजनिक सेवा प्रवाह तथा सुशासन तर्फका बजेट तथा कार्यक्रम पेश गर्दछुः

**<u>संस्थागत विकास तथा सुशासनः</u>**

संस्थागत विकास तथा सुशासन समितिको लागि एकमुष्ट रकम रु ८० लाख विनियोजन गरेको छु।

४०. विपन्न तथा आकस्मिक स्वास्थ्य सेवा कोष उपचार कोषको लागि रु १० लाख विनियोजन गरेको छु।

४१. बहुक्षेत्रीय पोषण कार्यक्रमको लागि रु १५ लाख विनियोजन गरेको छु।

४२. ग्रुप एस.एम.एस., विधुतीय हाँजिरी, योजना व्यवस्थापन, न्यायिक समिति अभिलेख व्यवस्थापन सम्वन्धी सफ्टवेयर खरिदको लागि १६ लाख विनियोजन गरेको छु।

४३. आवधिक योजना अध्यावधिक तथा छपाईका लागि रु १० लाख विनियोजन गरेको छु।

४४. गाउँपालिकाको डिजिटल प्रोफाइल निर्माणका लागि रु १० लाख विनियोजन गरेको छु।

४५. लागु औषध नियन्त्रण सम्बन्धी जनचेतना कार्यक्रम संचालनको लागि रु १ लाख विनियोजन गरेको छु।

४६. बदलिंदो परिवेश अनुसार कर्मचारी संरचनामा समयानुकुल परिमार्जन गर्नुपर्ने भएकोले गाउँपालिकाको दरबन्दी पुनरावलोकन गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) गर्नको लागि आवश्यक बजेट विनीयोजन गरेको छु ।

४७. कर्मचारीको जिम्मेवारी कायम गरी जवाफदेहीता प्रवर्द्धन गर्न कार्यसम्पादन सम्झौता गरी उत्कृष्ट कर्मचारीको प्रोत्साहनको लागि आवश्यक बजेट विनीयोजन गरेको छु ।

४८. गाउँपालिका भित्र रहेका विभिन्न संघ संस्था, क्लब, आमा समूह, गैर नाफामूलक संस्थालाई सहयोगको लागि बजेटको व्यवस्था गरेको छु ।

**<u>रोजगार सेवा केन्द्रः</u>**

४९. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत नेपाल सरकार मार्फत कामका लागि पारिश्रमिकमा आधारित आयोजनाहरु सञ्चालन गरि रोजगारी सृजनाका लागि रु ३२ लाख ४४ हजार रुपैयाँ प्राप्त भएको हुँदा सो रकम सभाबाट अनुमोदन गर्न पेश गरेको छु।

५०. विश्व बैंकको सहयोगमा सञ्चालित युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना मार्फत रोजगारी सृजनाका लागि २८ लाख रुपैयाँ प्राप्त भएको छ।सो रकम रोजगार सूचना व्यवस्थापन प्रणालीमा सूचीकृत भएका बेरोजगारहरुको विवरणका आधारमा प्रत्येक

वडाहरुमा विभाजन समेत गरि सकिएको छ । रोजगार कार्यक्रमका लागि उपलब्ध बजेटबाट ज्याला रकम मात्र भुक्तानी गर्न पर्ने भएकाले रोजगार कार्यक्रम मार्फत सञ्चालित आयोजनाहरुमा सामाग्री व्यवस्थापन गर्न समपुरकको लागि रु १३ लाख रुपैयाँ विनियोजन गरिएको छ ।

**सभा अध्यक्ष एवं सभासदस्य महोदय,**

**<u>चालुतर्फ</u>**

अब, म आ.व. २०८१।०८२ को अनुमानित चा.लु. खर्च रु ८ करोड प्रक्षेपण गरेको छु।

**जस अन्तर्गत**

क. कर्मचारी र पदाधिकारी पारिश्रमिक तथा भत्ता तलब भत्ता, पोषाक भत्ताका सुविधा
ख. वडा समिति तथा कार्यालय संचालन व्यवस्थापन, सवारी साधन खर्च
ग. कार्यालय संचालन खर्च
घ. विविध तथा अन्य खर्च शिर्षक

अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरु अन्तर्गत स्थानीय पूर्वाधार विकास कार्यक्रम, जलस्रोत व्यवस्थापन कार्यक्रम, जलबायु परिवर्तन तथा अनुकूलन कार्यक्रम लगायत अन्य गैर सरकारी संघ संस्था तर्फ निर्धारित कार्यक्रमका आधारमा खर्च गर्ने व्यवस्था मिलाएको छु।

**सम्मानित सभा अध्यक्ष एंव सभाका सम्पूर्ण सदस्य महोदय,**

माथि उल्लेखित बिनियोजित बजेट श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको प्राप्त निर्देशन अनुसार बजेटको क्षेत्र/उपक्षेत्रगत शिर्षकहरु सम्मानित गाउँसभामा पेश गरेको छु। क्षेत्र तथा उपक्षेत्रगत शिर्षका उल्लेखित बजेट कार्यक्रमले टोल/बस्ती तथा सम्बन्धित वडा समितिको सिफारिस भई आएका योजनाहरुको सूचीलाई विषयगत समितिहरुमा छलफल गरी एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश भई प्राथमिकता निर्धारण गरी कार्यान्वयनको लागि लागत डिजाईन ईस्टिमेट डी.पि.आर प्रतिवेदनका आधारहरु तयार पार्न सबैको रचनात्मक सल्लाह सहित कार्यपालिकाको पूर्ण बैठकबाट अनुमोदन भएको र सम्मानित गाउँसभाको १९ औ अधिवेशनबाट अनुमोदन गराई नेपालको संघीयताको तीन आयाम

राजनीतिक संघीयता, वित्तीय संघीयता, प्रशासनिक संघीयताको मूल मर्मको जगमा आवश्यक नीति, कार्यविधि, ऐन तथा नियमावली निर्माण गरी इमानका साथ कार्यान्वयन गर्न सम्मानित गाँउ सभामा प्रतिवद्धता व्यक्त गर्दछु ।

अन्तमा,

प्रस्तावित बजेट योजना तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा ओझिलो तथा पालिका अनुकूलन अनुमान अनुदानलाई उपयुक्त विधि र परिणाममुखी बनाउने उद्देश्यका साथ सल्लाह, सुझाव दिनुहुन नेपाल सरकार क्रियाशिल राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहररु, पूर्व जनप्रतिनिधिज्यूहरु, ज्ञान अनुभवी बौद्धिक वर्ग, विषयगत समितिका संयोजक तथा सदस्यज्यूहरु, कार्यपालिकामा विद्यमान स्थानीय सरकार संचालन ऐन नियमहरुलाई प्रभावकारी कार्यान्वयन गर्ने गराउने सन्दर्भ सामाग्रीहरुको अध्ययनमा ध्यान लगाउन प्रेरित गर्ने विषयगत क्षेत्रका शाखा प्रमुख एवं प्रतिनिधि कर्मचारीहरु, गैरसरकारी संस्थाका प्रमुख/प्रतिनिध, समग्रमा बारेकोटको विकास र सम्वृद्धिको उच्च नारालाई कार्यान्वयन गर्न गराउन उर्जा एवं अमूल्य सुझाव सहित जनमत अभिव्यक्त गर्ने घरदेश र प्रदेशमा रहनु भएका सम्पूर्ण बारेकोटी जनता(आमा बुवा दाजुभाई दिदीबहिनीहरु) प्रति उच्च आदर एवं सम्मान व्यक्त गर्दछु । बजेटमा उल्लेखित प्रस्तावहरुलाई सम्मानित सभाको १९ औ अधिवेशनबाट आगामी आ.व. २०८१।०८२ को बार्षिक बजेटमाथि दफाबार छलफल सहित अनुमोदन हुने अपेक्षा सहित अपनत्व ग्रहण गर्न सम्पूर्ण सरोकारवालाहरुमा हार्दिक अनुरोध सहित आभार एवं धन्यबाद व्यक्त गर्न चाहन्छु । सम्मानीत सभा अध्यक्ष महोदय सभाका सदस्यज्यूहरु हाम्रो अगाडि जनअपेक्षा र जिम्मेवारीहरुको भारी ठुलो छ । चुनौतीहरुको पर्खालहरु ठुला ठुला छन् । अवसरमा बदल्ने संकल्प गरौ भविष्य सुन्दर छ ।

**धन्यबाद ।**

**नर बहादुर गिरी**
**संयोजक**
(वजेट तथा कार्यक्रम तर्जुमा समिति)
बारेकोट गाउँपालिका लिम्सा, जाजरकोट